# रेडियो

वर्ष ११, अंक २, २०६८ भदौ




## सामुदायिक रेडियोको संस्थागत क्षमता विकास

- सामुदायिक रेडियोको कार्य सम्पादन मापन
- रेडियो नारी आवाज प्रसारणमा
- सामुदायिक रेडियोबारे जानकारी लिन बंगलादेशी टोली नेपालमा
- सामुदायिक रेडियो पत्रकारिता तालिम



रेडियो मर्स्याङ्दी, लमजुङको व्यवस्थापन समितिका सदस्यहरू सामुदायिक रेडियोको लागि आवश्यक पर्ने नीतिनियमबारे छलफल गर्दै ।

# सामुदायिक रेडियाको संस्थागत क्षमता विकास

सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहले फाउन्डेसन अफ ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई) को सहयोगमा सातवटा सामुदायिक रेडियो स्टेसनको संस्थागत विकासका लागि नीति, नियम र कार्यविधि निर्माण गर्न सहयोग गरेको छ ।

युनेस्कोको सहयोगमा सामुदायिक रेडियो कार्य सम्पादन मापन गरिएका रेडियो स्टेसनहरूको संस्थागत क्षमता विकास गर्न केन्द्रले २०६८ साउन २१ देखि २५ गतेसम्म पोखरामा पाँच दिने सामुदायिक रेडियो संस्थागत क्षमता विकास कार्यशाला सम्पन्न गऱ्यो ।

कार्य सम्पादन मापनमा सहभागी रेडियोको संस्थागत रेकर्डहरू दुरुस्त कायम गर्न प्रेरित गरी ती स्टेसनहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने नीति, नियम निर्माण गर्न सघाउन कार्यशाला आयोजना गरिएको थियो ।

रेडियो स्टेसनले कार्य सम्पादन मापनमा प्राप्त नतिजाको विश्लेषण र अन्तर्क्रिया गरी सामुदायिक रेडियोलाई अझ समुदायमुखी बनाउन कार्यशालाले उन्मुख गराएको छ ।

पाँचदिने कार्यशालाका स्रोत व्यक्तिहरू सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक सञ्चार विज्ञ रघु मैनाली, स्वतन्त्र विज्ञद्वय विक्रम सुब्बा र यादव चापागाईंले सामुदायिक रेडियोको संस्थागत विकासका लागि विभिन्न विषयहरूमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यशालाको पहिलो दिन पाँचदिने कार्यक्रमको विषयसूचीका विषयमा छलफल गरिएको थियो ।

दोस्रो दिन सामुदायिक रेडियोले कार्य सम्पादन मापनमा प्राप्त गरेको प्रारम्भिक नतिजा, संस्थागत विकासका लागि आवश्यक तत्त्वहरू, सामुदायिक रेडियोको दुरदृष्टि, ध्येय, उद्देश्य र निर्देशक सिद्धान्त र सामुदायिक रेडियोको संस्थागत संरचनाका विषयमा कार्यपत्र प्रस्तुतीसँ गै छलफल गरिएको थियो ।

तेस्रो दिनमा सामुदायिक रेडियो मानव संसाधन योजना, सामुदायिक रेडियो स्रोत व्यवस्थापन नीति र विधिहरू र सामुदायिक रेडियोमा सार्वजनिक परामर्श र पारदर्शिताका विषयमा कार्यपत्र प्रस्तुतीसँगै छलफल गरिएको थियो ।

कार्यशालाको चौथो दिनमा सामुदायिक रेडियोलाई प्रतिस्पर्धासँग सामना गर्ने अवस्था निर्माण, सामुदायिक रेडियो स्रोत परिचालन नीति तथा विधिहरू, सामुदायिक रेडियो सहकार्य नीति, सामुदायिक रेडियो अभिलेखन र ज्ञान व्यवस्थापन नीतिका विषयमा कार्यपत्र प्रस्तुति र छलफल गरिएको थियो ।

कार्यशालाको अन्तिम दिनमा सामुदायिक रेडियो स्टेसन सञ्चालनका नियमहरू, सामुदायिक रेडियो व्यवस्थापन प्रणाली र विधीहरू, सामुदायिक रेडियो सम्पादकिय नीति, सामुदायिक रेडियोको दिगोपन र सामुदायिक रेडियोले पहिल्याउनुपर्ने नयाँ पाइलाका विषयमा कार्यपत्र प्रस्तुति र छलफल गरिएको थियो ।

कार्यशालामा सामुदायिक रेडियोको संस्थागत क्षमता अभिवृद्धिका लागि जानकारी दिन कार्यपत्र प्रस्तुतिसँगै, सहभागिबीच अन्तर्क्रिया र सहभागी रेडियो स्टेसनका प्रतिनिधिले रेडियो सञ्चालनका लागि आवश्यक पर्ने करिव २५ वटा नीति, नियम र कार्यविधीको ड्राफट नमूना नीति नियम निर्माण गरेका थिए ।

सामुदायिक रेडियो स्टेसन सञ्चालनका लागि तयार पारिएका नमूना नीति नियम र कार्यविधिहरू सञ्चालक समिति र साधारण सभामा छलफल पछि अनुमोदन गरेर लागू गरिने छन् ।

सामुदायिक रेडियोको कार्य सम्पादन मापनमा सहभागी १५ मध्ये पहिलो चरणको कार्यशालामा सातवटा रेडियो स्टेसनको नीति निर्माण तहमा संलग्न सञ्चालक समितिका पदाधिकारी, सदस्य र स्टेसन म्यानेजर गरी २३ जनाको सहभागिता रहेको थियो ।

कार्यशालामा भेरी एफ.एम नेपालगञ्ज, बाँके, रेडियो जागरण वुटवल, रुपन्देही, रेडियो लुम्बिनी मणिग्राम, रुपन्देही, रेडियो मर्स्याङ्दी बेसीसहर, लमजुङ, बिजय एफ.एम गैडाकोट, नवलपरासी, रेडियो सगरमाथा ललितपुर र रेडियो नमोबुद्ध धुलिखेल काभ्रे सहभागी रहेका थिए ।

# सामुदायिक रेडियोबारे जानकारी लिन बंगलादेशी टोली नेपालमा



जितेन्द्र बज्राचार्य

नेपालमा सामुदायिक रेडियोको विस्तार र सञ्चालनको अवस्थाबारे जानकारी लिन नेपाल आएको बंगलादेशी सरकारी कर्मचारी र किसानको टोलीले सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहको टिमसँग छलफल गरेको छ ।

नेपाल वातावरण पत्रकार समूहको सचिवालय थापाथली, काठमाडौंमा २०६८ जेठ ४ गते भएको छलफलमा बंगलादेशी टोलीले बंगलादेशमा सामुदायिक रेडियो स्थापना गर्न लागिएकोले सामुदायिक रेडियोको सञ्चालन, कार्यक्रमको स्वरुप र दिगोपनका बारेमा जिज्ञाशा राखेको थियो ।

सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहका संयोजक रघु मैनालीले कार्यक्रमको स्वरुप लक्षित समुदायको आवश्यकता अनुरुप निर्माण गरी उनीहरूलाई रेडियोको सञ्चालनमा सहभागिता, संस्थाको पारदर्शिता र जवाफदेहिताले रेडियोलाई दिगो बनाउने बताउनुभयो ।

सामुदायिक रेडियो सहयोग केन्द्रले विकास गरेको सामुदायिक रेडियो कार्य सम्पादन मापन प्रणाली बंगलादेशमा रेडियो सञ्चालन गर्दा ती मापदण्डहरूलाई आधार मानेर सञ्चालन गर्दा उपयोगी हुने सुझाव दिनुभयो । सात सदस्यीय बंगलादेशी टोलीमा कृषि मन्त्रालय अन्तर्गतको कृषि सूचना केन्द्रका निर्देशक मोहम्मद नजरुल इस्लाम र किसान संस्थाका प्रतिनिधि रहेका थिए ।

# सामुदायिक रेडियोको कार्य सम्पादन मापन

सामुदायिक रेडियो कार्य सम्पादन मापनका लागि छनोट भएका १५ वटा सामुदायिक रेडियो स्टेसनहरूको कार्य सम्पादन मापन गर्ने कार्य सम्पन्न भएको छ ।

युनेस्को काठमाडौंको सहयोगमा सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहले विकास गरेको सामुदायिक रेडियो कार्य सम्पादन मापन प्रणाली अनुरुप सामुदायिक रेडियोहरूको कार्य सम्पादन गरिएको हो ।



कञ्चन केसी

प्रसारणमा रहेका सामुदायिक रेडियोहरू सामुदायिक भावना अनुरुप चले नचलेको जाँच्न कार्य कार्य सम्पादन मापन गर्ने कार्य २०६८ साउन महिनामा सकिएको छ ।

सामुदायिक रेडियो कार्यसम्पादन मापन स्टेरिङ समितिले सामुदायिक रेडियोको कार्य सम्पादन मापनका लागि परामर्शदातृ संस्थाबाट प्रस्ताव आवहान गरि राइटिङ वर्कसप प्रालिलाई कार्य सम्पादन मापनका लागि छनोट गरेको थियो ।

सामुदायिक रेडियोमा गरिने कार्य सम्पादन मापनका विषयमा मापनकर्तालाई दुई दिने प्रशिक्षण दिई प्रत्येक स्टेसनमा दुई जना मापनकर्ता परामर्शदातृ संस्था राइटिङ वर्कसप प्रालिले परिचालन गरेको थियो ।

मापनकर्ताले सातवटा सूचकहरू सहभागिता र स्वामित्व, रेडियो सुशासन, रेडियोको कार्यक्रम, स्रोत संरचना र स्रोत परिचालन, रेडियोको व्यवस्थापन, वित्तीय व्यवस्थापन र रेडियोको सञ्जालका विविध पाटामा रहेर रेडियोको कार्य सम्पादन मापन गरेका थिए ।

कार्य सम्पादन मापनका लागि छनोट भएका मापनकर्ताहरूलाई २०६८ असार २९र ३० गते दुई दिने कार्य सम्पादन मापन अभिमुखीकरण तालिम दिइएको थियो । अभिमुखीकरण तालिमको स्रोत व्यक्तिमा स्वतन्त्र विज्ञद्वय बिक्रम सुब्बा, यादव चापागाईं र सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनाली रहनुभएको थियो ।

कार्य सम्पादन मापनका लागि इच्छा व्यक्त गरेका २३ वटा सामुदायिक रेडियो स्टेसनहरू मध्ये सामुदायिक रेडियो कार्य सम्पादन मापनका लागि १५ वटा रेडियो स्टेसन छानिएका थिए ।

सामुदायिक रेडियो कार्य सम्पादन मापन स्टेरिङ समितिले स्टेरिङ समितिका संयोजक प्राध्यापक पी. खरेलको संयोजकत्वमा अमार्क एसिया प्यासिफकका संयोजक सुमन वस्नेत र सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहका संयोजक रघु मैनाली सदस्य रहेको तीन सदस्यीय रेडियो छनोट समिति गठन गरेको थियो । रेडियो छनोट समितिले कार्य सम्पादन मापन स्टेरिङ समितिले निर्धारण गरेका मापदण्डभित्र रही कार्य सम्पादन मापनका लागि इच्छा जाहेर गर्ने २३ वटामध्ये १५ वटा रेडियोलाई कार्य सम्पादन मापनका लागि छनोट गरिएको थियो ।

कार्य सम्पादनका लागि छनोट भएका सामुदायिक रेडियो स्टेसनहरूमा रेडियो रुपाकोट खोटाङ, रेडियो समाद सिराहा, हिमचुली एफएम पोखरा कास्की, रेडियो जागरण रुपन्देही, रेडियो सगरमाथा ललितपुर, रेडियो लुम्बिनी रुपन्देही, रेडियो नमोबुद्ध काभ्रे र रेडियो मर्स्याङ्दी लमजुङ रहेका छन् ।

यसैगरी छनोट भएका अन्य रेडियो स्टेसनहरूमा रेडियो मेन्छ्यायेम तेह्रथुम, सोलु एफएम सोलुखुम्बु, रेडियो पूर्वाञ्चल मोरङ, भेरी एफएम नेपालगञ्ज बाँके, सुम्हात्लुङ एफएम पाँचथर, रेडियो सिन्धुलीगढी सिन्धुली र विजय एफएम नवलपरासी रहेका छन् । ●

# सामुदायिक रेडियो पत्रकारिता तालिम

सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहले सामुदायिक रेडियोहरूको क्षमता अभिवृद्धि गर्न फाउन्डेसन अफ ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई)को सहयोगमा दुईवटा पाँचदिने सामुदायिक रेडियो पत्रकारिता तालिम सम्पन्न गरेको छ ।

तालिममा सामुदायिक रेडियोको चिनारी, रेडियोको लागि समाचार लेखन, प्याकेजिङ र उत्पादन, रेडियो अन्तर्वार्ता, रेडियो फिचर र डकुमेन्ट्री, रेडियो कार्यक्रमका स्वरुपहरू, रेडियो कार्यक्रम उत्पादन र निर्माण एवं रेडियोका लागि समाचार र कार्यक्रम निर्माणको भिन्नताका विषयमा चर्चा गरिएको थियो ।

पहिलो तालिम २०६८ जेठ ७ देखि ११ गते सम्म नेपालगञ्जमा सम्पन्न भएको छ । तालिममा मध्यपश्चिम र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा प्रशारणमा रहेका १३ वटा सामुदायिक रेडियो स्टेसनहरूमा कार्यरत ७ पुरुष र ६ महिला गरी १३ जना रेडियो पत्रकारहरूको सहभागिता रहेको थियो ।

यसैगरी दोस्रो तालिम २०६८ असार ३ देखि ७ गतेसम्म विराटनगरमा सम्पन्न भएको छ ।

तालिममा मध्यमाञ्चल र पूर्वाञ्चल विकास क्षत्रमा सञ्चालनमा रहेका १० वटा सामुदायिक रेडियोमा कार्यरत १२ जना रेडियो पत्रकारहरूको सहभागिता रहेको थियो ।

सामुदायिक रेडियो सहयोग केन्द्रका रेडियो प्रशिक्षकद्वय प्रतिक भण्डारी र भरत भुसाल तालिमको स्रोत व्यक्ति रहनुभएको थियो ।

यस अघि ओएसआईकै सहयोगमा पाँच दिने सामुदायिक रेडियो पत्रकारिता तालिम २०६७ चैत ९ देखि १३ गतेसम्म पोखरामा सम्पन्न भएको थियो ।




जितेन्द्र बज्राचार्य

# डिजिटल सम्पादन तालिम

सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहले सामुदायिक रेडियोमा कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्न फाउन्डेसन अफ ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई) को सहयोगमा ललितपुरमा पाँच दिने डिजिटल सम्पादन तालिम सम्पन्न भएको छ ।

तालिममा रेडियो प्रविधिको चिनारी, डिजिटल र एनलग प्रविधि, रेडियो प्राबिधिकले प्रयोग गर्नुपर्ने उपकरणहरू, साउण्ड, डिजिटलाइजेशन, मिक्सचर, डिजिटल सम्पादनका लागि प्रयोग गरिने कुल इडिट र एडब अडिसन सफ्टवेयरको चिनारी र प्रयोग, एफएल स्टुडियो र मिडिया मङकी स्फटवेयर प्रयोग लगायत डिजिटल प्रविधिका बारेमा सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक अभ्यास गराइएको थियो । रेडियो सगरमाथामा सञ्चालित तालिममा सहभागीले रेडियो सगरमाथाको अडियो लाइब्रेरी र स्टुडियो अवलोकन गरी त्यहाँका प्राविधिकसँग काम गर्ने तरिकाबारे जानकारी लिएका थिए । चार समूहमा विभाजित सहभागीले तालिमको प्रयोगात्मक अभ्यासको दौरान रेडियो म्यागेजिन कार्यक्रमको नमूना डिजिटल सम्पादन गरी प्रयोगात्मक अभ्यास गरेका थिए ।

पूर्वदेखि मध्यपश्चिमसम्म सञ्चालनमा रहेका नौवटा रेडियो स्टेसनमा कार्यरत पाँच महिला र पाँच पुरुष गरी दश जनाको तालिममा सहभागिता रहेको थियो ।

तालिमको स्रोत व्यक्तिमा एन्टेना फाउन्डेसनका वरिष्ठ प्राविधिक राजेन्द्र रिजाल र सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहका रेडियो प्रशिक्षक प्रतिक भण्डारी रहनुभएको थियो । तालिम समापन कार्यक्रममा सहभागीलाई नेपाल वातावरण पत्रकार समूहका अध्यक्ष लक्ष्मण उप्रेतीले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

नेपाल वातावरण पत्रकार समूहका अध्यक्ष लक्ष्मण उप्रेतीले रेडियो स्टेसनका लागि डिजिटल सम्पादन, संगीत र आवाजको मिश्रण गरी कार्यक्रमलाई गुणस्तर र राम्रो बनाउन रेडियो प्राबिधिक मुटु भएको बताउनुभयो । उहाँले तालिमका सहभागीलाई रेडियोमा प्रयोग भइरहेका प्राविधिक सामाग्रीहरूलाई ब्यवस्थित गर्न रेडियो स्टेसनमा प्रयोग भइरहेका सामाग्रीहरूको प्राविधिक चित्र निर्माण गर्न अनुरोध गर्नुभयो ।

नेपाल वातावरण पत्रकार समूहका कार्यकारी निर्देशक टीकाराम राईले रेडियो प्रविधिका बारेमा क्षमता अभिवृद्धि गर्न संसारमा प्रयोग भइरहेका पछिल्लो प्रबिधि इन्टरनेटको माध्यमबाट आफूलाई जानकार बनाउनु पर्नेमा जोड दिनुभयो ।

रेडियो सगरमाथाका स्टेसन म्यानेजर घमराज लुईंटेलले रेडियोको गुणस्तर कार्यक्रम निर्माण गर्न प्राविधिक र कार्यक्रम निर्माता दुवैको सहकार्य महत्वपूर्ण हुने बताउनुभयो । तालिम ०६८ साउन १० देखि १४ गतेसम्म रेडियो सगरमाथा, ललितपुरमा सम्पन्न भएको थियो ।

# रेडियो सर्लाही तेस्रो वर्षमा



सौजन्य : रेडियो सर्लाही

डोम समुदायका उदाहरणीय व्यक्ति देवक मलीलाई प्रमुख अतिथिका रूपमा सम्मान गर्दै सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहका संयोजक रघु मैनाली।

सामुदायिक रेडियो सर्लाही १०५.६ मेगाहर्जको दोस्रो वार्षिकोत्सव तथा सञ्चालक संस्था सामुदायिक सञ्चार सहकारी संस्था लिमिटेडको तेस्रो साधारण सभा विविध कार्यक्रमको आयोजना गरी सम्पन्न भयो ।

२०६६ साल जेठ १८ गतेदेखि प्रसारण थालेको सामुदायिक रेडियो सर्लाही दोस्रो वर्ष पूरा गरी तेस्रो वर्षमा प्रवेश गरेको हो ।

सामुदायिक रेडियोको दोस्रो वार्षिकोत्सव समारोह तथा रेडियो सञ्चालक संस्था सामुदायिक सञ्चार सहकारी संस्था लिमिटेडको तेस्रो साधारण सभा गएको १९ गते हरिवन स्थित रेडियाको प्रांगणमा सम्पन्न भएको थियो ।

सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहका संयोजक एवं सामुदायिक रेडियोहरूको विश्व संगठन अमार्कका एसिया प्रशान्त क्षेत्रीय बोर्डका उपाध्यक्ष रघु मैनालीले रेडियोको वार्षिकोत्सव तथा साधारण सभाको उदघाटन गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि मैनालीले सामुदायिक रेडियोले हुने खानेको भन्दा निमुखा र पहुँचभन्दा बाहिरका मानिसको विचार बोक्नुपर्ने बताउनुभयो । उहाँले सामुदायिक रेडियोलाई सामुदायिक अवधारणा अनुसार विकास गरेमात्र समाजको हित हुने उल्लेख गर्नुभयो ।

कार्यक्रमको अवसरमा रेडियोले समाजमा विभिन्न क्षेत्रमा उदाहरणीय काम गर्ने पाँच जना व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहका संयोजक मैनालीले स्वच्छ पर्यावरणका निम्ति दुई सय वटा भन्दा बढी वरपिपल रोप्ने हजरिया निवासी ९३ वर्षिय नेत्र बहादुर खड्का र मलंगवा नगरपालिकामा सफाइको काम गरेर आफ्नो एक छोरा र छोरीलाई उच्च शिक्षा प्रदान गर्ने डुम समुदायका देवक मलीलाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो ।

सोही कार्यक्रममा जेनेरेटर तथा पम्फसेट मर्मतको कामगरी निरन्तर सेवा पऱ्याउने हरिवनका राम प्रसाद खड्गी तथा नेत्रगंज स्थित पदम भुवनेश्वरी वृद्ध सेवाश्रममा भान्से रहेर अहोरात्र वृद्धवृद्धाहरूको सेवा गर्ने कर्मैयाकी मिनकुमारी पौडेल र सासापुरकी मिना अधिकारीलाई समेत सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

उक्त कार्यक्रममा सामुदायिक रेडियो सर्लाहीलाई वर्षभरि सबैभन्दा बढी विज्ञापन उपलब्ध गराउने युवा उद्यमी हरिवन-४का वेदनिधि उप्रेतीलाई सम्मान गरिएको थियो । कार्यक्रममा रेडियोको वार्षिकोत्सवको सन्दर्भमा 'लोकतन्त्रमा सामुदायिक रेडियोको भूमिका' शीर्षकमा आयोजित निबन्ध लेखन प्रतियोगिताका विजयीहरूलाई पुरस्कार समेत प्रदान गरिएको थियो ।

लोकतन्त्रमा सामुदायिक रेडियो शीर्षकमा भएको निबन्ध लेखन प्रतियोगितामा हरिवनस्थित महादेव जनता उच्च माविका सुशान्त मोक्तान प्रथम, नवलपुरस्थित जनता माविकी सुशिला वुढाथोकी द्वितीय र जुटपानीस्थित नवजीवन उच्च माविका मेहरमान श्रेष्ठ तृतीय हुनुभएको थियो ।

कार्यक्रम सामुदायिक रेडियो सर्लाहीको सञ्चालन संस्था सामुदायिक सञ्चार सहकारी सस्था लिमिटेडका अध्यक्ष चुडामणि वाग्लेको अध्यक्षतामा सम्पन्न भएको थियो । ●

# ट्रेड युनियन विषयमा रेडियो पैरवी

मिडिया ट्रेनिङ सेन्टर/नेपाल वातावरण पत्रकार समूहले ट्रेड युनियनकर्मी र मजदुरसँग ट्रेड युनियनका मुद्दाहरू रेडियोबाट प्रभावकारी रुपमा उठाउने विषयमा रेडियो पैरवी कार्यशाला विराटनगरमा सम्पन्न गरेको छ ।

कार्यशालामा सहभागी ट्रेड युनियनकर्मी र मजदुरले ट्रेड युनियन अधिकार सुनिश्चित गर्न एकल ट्रेड युनियन हुनुपर्नेमा जोड दिएका छन् ।

नेपाल ट्रेड युनियन काँग्रेस स्वतन्त्रका सुरेश भगतले क्यौं उद्योगपतिहरूले काममा लगाएका मजदुरलाई श्रम ऐन २०४८ अर्न्तगत २४० दिन उद्योगमा काम गरेका मजदुरलाई नियुक्ति पत्रसहित स्थायी गर्ने कार्य नगरेको आरोप लगाउनुभयो ।

उहाँले राजनीतिक दलको एजेण्डामा ट्रेड युनियन खोलिएकाले मजदुरहरूको हितका लागि सामुहिक फाइदाभन्दा पनि राजनीतिक पार्टीको हितका लागि क्रियाशील भइरहेको उल्लेख गर्नुभयो ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का मुरारी भट्टराईले मोरङ सुनसरी औद्योगिक करिडोरमा करिब ५ सय उद्योग रहेकोमा अधिकांश उद्योगपतिहरू सरकारले २०६७ चैत १ गतेदेखि लागू हुने गरी तोकेको ज्याला र पारिश्रमिक मजदुरलाई दिने विषयमा बेवास्ता गरेको बताउनुभयो । अखिल नेपाल ट्रेड युनियन महासंघका राजेश यादवले ट्रेड युनियनका नेताहरू मजदुर समस्याप्रति गम्भीर नभएकाले रेडियो लगायतका सञ्चारमाध्यमले मजदुर विषयमा ट्रेड युनियन नेतृत्व तह र सरोकारवालासँग पैरवी गनुपर्नेमा जोड दिनुभयो ।

रोजा लक्जम्बर्ग स्टिफटङ जर्मनीको सहयोग तथा सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूह र रेडियो पूर्वाञ्चल विराटनगरको समन्वयमा रेडियो पैरवी कार्यशाला सम्पन्न भएको हो । कार्यशाला २०६८ साल असार २२ गते आयोजना गरेको थियो ।

# रेडियो नारी आवाज प्रसारणमा



सौजन्य : रेडियो नारी आवाज

कर्णाली अञ्चलको विकट पहाडी जिल्ला जुम्लामा महिलाहरूद्वारा सञ्चालित 'सामुदायिक रेडियो नारी आवाज' ले प्रसारण सुरु गरेको छ । २०६८ असार २३ गतेदेखि रेडियोको प्रसारण सुरु भएको हो । यसअघि रेडियो परिक्षण प्रसारणमा रहेको थियो । जुम्लाको सदरमुकाम खलंगाबाट प्रसारण सुरु भएको रेडियो १००वाट क्षमताको रहेको छ । मध्यपश्चिममा महिलाहरूद्वारा सञ्चालित रेडियो नारी आवाज १००.६ मेगाहर्ज पहिलो रेडियो स्टेसन हो ।

यसअघि देशका विभिन्न भागमा महिलाहरूद्वारा सञ्चालित रेडियो स्टेसनहरू प्रसारणमा रहेका छन् । यो रेडियो सञ्चालनका लागि युनेस्को आइपीडीसीले आर्थिक सहयोग तथा सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहले प्राबिधिक प्राबिधिक सहयोग गरेको छ ।

रेडियो नारी आवाजले महिला हिंसा विरुद्ध वकालतसँगै स्थानीय संस्कृति परम्परालाई जगेर्ना गर्ने सामाजिक, सूचनामूलक र जनचेतना जगाउने शिक्षामूलक कार्यक्रमलाई प्राथमिकता दिने रेडियो सञ्चालक 'हाम्रो आवाज हाम्रो सरोकार' संस्थाकी उपाध्यक्ष हरिदेवी रोकायले जानकारि दिनुभयो ।

# स्टेशन मेनेजरहरूका लागि कार्यशाला

मिडिया ट्रेनिङ सेन्टर/नेपाल वातावरण पत्रकार समूहले सामुदायिक रेडियो स्टेशन मेनेजरहरूका लागि पाँच दिने 'रेडियो ब्यवस्थापनका लागि जनसम्पर्क र दिगोपन' विषयमा कार्यशाला पोखरामा सम्पन्न गरेको छ ।

पाँचदिने कार्यशालामा सामुदायिक रेडियो ब्यवस्थापन, रेडियोको सवल र कमजोर पक्ष तथा अवसर र चुनौतिको पहिचान, ब्यवस्थापन र सञ्चार, रेडियोको नेतृत्व, संस्थागत रणनीतिक योजना, जनसम्पर्क र दिगोपन, रेडियो बजार ब्यवस्थापन र सामुदायिक रेडियोका लागि स्रोत संकलनका विषयमा छलफल र अभ्यास गराइएको थियो ।

रोजा लक्जम्बर्ग स्टिफटङ जर्मनीको सहयोग र सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहको समन्वयमा कार्यशाला सम्पन्न भएको हो ।

कार्यशालाको स्रोत ब्यक्तिमा रेडियो सगरमाथाका पूर्व स्टेशन म्यानेजर मोहन विष्ट र सामुदायिक रेडियो सहयोग केन्द्र/नेपाल वातावरण पत्रकार समूहका रेडियो प्रशिक्षक प्रतिक भण्डारी रहनुभएको थियो ।

२०६८ साल साउन ३ देखि ७ गते सम्म कार्यशाला आयोजना गरिएको थियो ।

कार्यशालामा नौवटा सामुदायिक रेडियो स्टेशन मेनेजरहरूको सहभागिता रहेको थियो ।




फाउन्डेशन ओपन सोसाइटी इन्स्टिच्युटको सहयोगमा
सामुदायिक रेडियो सहयोग केन्द्र/
नेपाल वातावरण पत्रकार समूहद्वारा प्रकाशित
प्रधान सम्पादक : रघु मैनाली
सम्पादक : नगेन्द्र लम्साल



पत्राचारका लागि
**सामुदायिक रेडियो सहयोग केन्द्र/**
**नेपाल वातावरण पत्रकार समूह**
पो.ब.नं. ५१४३, थापाथली, काठमाडौं, नेपाल
फोन : ४२६१९९१, ४२६०२४८, फ्याक्स ४२६११९१
Email: crsc@nefej.org.np
URL: nefej.org



Publication of Community Radio Support Centre/ Nepal Forum of Environmental Journalists with support from
**Foundation Open Society Institute, OSI**